# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालबाट विद्यार्थीसँग गभर्नर कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले चैत ५ गते Global Money Week को पाँचौं वार्षिकोत्सवको अवसरमा अर्थ फाउण्डेसन नेपालद्वारा आयोजित **विद्यार्थीसँग गभर्नर** कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।




सो कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै गभर्नर डा. नेपालले देशको भविष्य विद्यार्थीमा नै निर्भर रहेकोले उनीहरुमा वित्तीय चेतना हुन जरुरी रहेको बताउनु भयो । देशको कुल जनसंख्याको ठुलो हिस्सा अझै पनि बैंकिङ पहुँच बाहिर रहेको बताउनु हुँदै उहाँले घरघरमा पैसाको महत्व बारे सकारात्मक चर्चा र सोच विकास गर्न सकिएमा बैंक तथा वित्तीय संस्थाहरुमार्फत आर्थिक कारोवार बढ्ने बताउनु भयो ।

गभर्नर डा. नेपालले विश्वका विभिन्न देशहरुमा विद्यालयको पाठ्य सामग्रीमा नै वित्तीय साक्षरता सम्बन्धी विषय समावेश गरिएको चर्चा गर्दै पैसाको सदुपयोगिता बारे समयमै विद्यार्थीमा ज्ञान प्रवाह गर्ने देशहरु आर्थिक विकासमा अगाडि रहेको यथार्थलाई मनन् गरी नेपाल राष्ट्र बैंकले वित्तीय चेतना विस्तार गर्ने नीति लिएको र सोसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको जानकारी पनि उहाँले दिनुभयो ।

नेपालमा लगानीका सम्भावनाहरु प्रशस्त रहेको उदाहरण दिँदै गभर्नर डा. नेपालले पढ्नुको उद्देश्य जागिर खाने मात्र नभई जागिर दिने प्रकृतिको हुनु पर्नेमा पनि जोड दिनुभयो । आफ्नै देशमा उद्यम, व्यवसाय गरेमा रोजगारी सिर्जना हुने, समग्र आर्थिक गतिविधि बढ्ने र सबैको प्रगति हुने बताउँदै उहाँले पुँजीको महत्व बुझेका र विद्यालयस्तरदेखि नै उद्यमी सोच भएका व्यक्ति सफल व्यवसायी बन्न सक्ने धारणा राख्नुभयो ।

सैनिक आवासीय महाविद्यालय, भक्तपुरमा आयोजित सो कार्यक्रममा गभर्नर डा. नेपाल र सहभागीहरु बीच संक्षिप्त अन्तरक्रिया पनि भएको थियो । सो अन्तरक्रियामा राखिएका जिज्ञासाहरु सम्बोधन गर्दै गभर्नर डा. नेपालले अर्थतन्त्रको विस्तारित आकार अनुसार समायोजन गर्न, लगानी क्षमता अभिवृद्धि गर्न तथा सबल र सक्षम संस्था बनाउन बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धिको प्रावधान ल्याइएको बताउनु भएको थियो । अन्तरक्रियाको क्रममा गभर्नर डा. नेपालले नेपाली नोटको निष्काशन प्रक्रियाका बारेमा पनि जानकारी दिनु भएको थियो । कार्यक्रममा शिक्षक तथा विद्यार्थीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

**२०७२ चैत ५, शुक्रबार**

**गभर्नरको कार्यालय**